सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३२७ ♦ २०८३ साल भदौ १ सोमवार ♦ 17 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## सीमापार पर्यटन (क्रस-बोर्डर टुरिजम) प्रवर्द्धनका लागि नेपाल र भारतबीच आवश्यक समन्वय र सहकार्य बढाउनुपर्नेमा जोड

**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, बर्दिवास**

मधेस प्रदेशमा सीमापार पर्यटन (क्रस-बोर्डर टुरिजम) प्रवर्द्धनका लागि नेपाल र भारतबीच आवश्यक समन्वय र सहकार्य बढाउनुपर्नेमा जोड दिइएको छ। आइतबार धनुषाको लालगढमा नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेस प्रदेशको आयोजनामा भएको विशेष छलफल तथा अन्तरक्रिया कार्यक्रममा मधेसको पर्यटन क्षेत्रको वर्तमान अवस्था, सम्भावना, चुनौती तथा विकासका लागि आवश्यक नीति र योजनाबारे भएको छलफलमा सो कुरालाई जोड दिंदै मधेस प्रदेशका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यलाई एउटै सञ्जालमा जोडेर पर्यटन प्रवर्द्धन गर्न 'मधेस पर्यटन सर्किट' निर्माणको अवधारणा अघि सारिएको छ।

महासंघ, मधेस प्रदेशले प्रदेशका आठवटै जिल्लामा रहेका प्रमुख पर्यटकीय गन्तव्यलाई एकीकृत रूपमा विकास र प्रवर्द्धन गर्ने गरी पर्यटन सर्किटलाई राष्ट्रिय पर्यटन नीति तथा कार्यक्रममा समेट्न संघीय सरकारसँग आग्रह गरेको हो।

महासंघले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलसमक्ष ध्यानाकर्षणपत्र बुझाउँदै मधेसको पर्यटन विकासलाई र ाष्ट्रिय पर्यटन नीति र योजनामा प्राथमिकता दिन माग गरेको हो।

महासंघका अध्यक्ष हिरालाल गौतमको अध्यक्षतामा भएको कार्यक्रममा मधेसमा पर्याप्त प्रचारप्रसार, पर्यटन पूर्वाधार तथा प्रभावकारी नीतिको अभावमा ठूलो पर्यटन सम्भावना हुँदाहुँदै पनि प्रदेशले अपेक्षित लाभ लिन नसकेको विषयमा सरकारको ध्यानाकर्षण गराइएको थियो।

अध्यक्ष गौतमले मधेसका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक गन्तव्यलाई जोडेर एकीकृत पर्यटन प्रवर्द्धनको नीति बनाउन आवश्यक रहेको बताउनुभयो। 'मधेस पर्यटन सर्किट'लाई राष्ट्रिय पर्यटन नीति तथा कार्यक्रममा समावेश गरी नेपाल पर्यटन बोर्डसँगको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्नुपर्ने उहाँको भनाइ थियो।



महासंघले मधेस पर्यटन बोर्ड गठन, पर्यटकमैत्री नीति तथा कानुन निर्माण, पर्यटकीय गन्तव्यको सौन्दर्यीकरण र आवश्यक पूर्वाधार विकासलाई प्राथमिकता दिन पनि सरकार सँग माग गरेको छ। होटल तथा पर्यटन व्यवसायलाई उद्योगको मान्यता प्रदान गर्न, पर्यटन क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि तालिम सञ्चालन गर्न, पर्यटकीय गन्तव्यको प्रचारप्रसारका लागि भिडियो सामग्री निर्माण गर्न तथा पर्यटन व्यवसायसम्बन्धी तथ्याङ्क व्यवस्थित गर्नुपर्ने मागसमेत महासंघले अघि सारेको छ।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका महासचिव नारायण घिमिरेले भारतबाट आउने पर्यटकलाई लक्षित गरी

*बाँकी पृष्ठ ३ मा*

## टुटेश्वरनाथको संरक्षण र प्रवर्द्धनमा पहल गर्ने मन्त्री पौडेलको प्रतिबद्धता



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन ३१ गते, महोत्तरी**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल 'गणेश'ले महोत्तरीको बर्दिबास नगरपालिका-५ टुटेश्वरस्थित प्रसिद्ध टुटेश्वरनाथ महादेव मन्दिरको धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्वको संरक्षण र प्रवर्द्धनमा सरकारले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

साउन महिनामा नेपालका विभिन्न जिल्ला तथा भारतबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु आउने टुटेश्वरनाथ मन्दिरमा आइतबार विशेष पूजा-अर्चना गरी दर्शन गरेपछि मन्त्री पौडेलले मन्दिरको समग्र विकास र संर क्षणमा आवश्यक सहयोग गर्ने बताउनुभएको हो।

'मधेसको कैलास' तथा 'नेपालको बाबाधाम'का रूपमा समेत परिचित टुटेश्वरनाथको धार्मिक महत्वसँगै ऐतिहासिक तथा पुरातात्त्विक पक्षलाई समेत संरक्षण गरी राष्ट्रियस्तरमा प्रवर्द्धन गर्नुपर्नेमा मन्त्री पौडेलले जोड दिनुभयो।

पूजा-अर्चनापछि टुटेश्वरनाथ मन्दिर संरक्षण समितिले मन्त्री पौडेललाई मन्दिर तथा आसपासको क्षेत्रको धार्मिक, ऐतिहासिक र पुरातात्त्विक महत्वबारे जानकारी गराएको

*बाँकी पृष्ठ ३ मा*

## ग्यास लुकाएर राखेको आशंकामा व्यवसायीको प्रतिष्ठानमा छापा

**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, जनकपुरधाम**

बजारमा खाना पकाउने ग्यासको अभाव देखिएका बेला ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष फुलदेव पण्डितको व्यवसायिक प्रतिष्ठानबाट ठूलो परिमाणमा ग्यास बरामद भएको छ ।



जनकपुरधाम उपमहानगर पालिका बजरंगचोकस्थित पण्डितले सञ्चालन गर्दै आएको सागर ट्रेडर्सबाट १३१ वटा मनोज कम्पनीका भरिएका ग्यास सिलिन्डर बरामद गरिएको हो ।

उपभोक्ताबाट ग्यास लुकाएर राखिएको गुनासो आएपछि नेपाल आयल निगम महेन्द्रनगर डिपोबाट रामराज सिंहको नेतृत्वमा खटिएको अनुगमन टोलीले सागर ट्रेडर्समा अनुगमन गरेको थियो ।

टोलीले पसलको सटर बन्द र हेको अवस्थामा छापा मार्दा १३१ वटा भरिएका ग्यास सिलिन्डर फेला पारेको जनाएको छ ।

अनुगमन टोलीका अनुसार बजारमा ग्यासको अभाव भइरहेका बेला उपभोक्तालाई बिक्री वितरण नगरी सटर बन्द गरेर ठूलो संख्यामा सिलिन्डर र ाखिएको पाइएको हो ।

टोलीका एक कर्मचारीले उपभोक्तालाई ग्यास उपलब्ध नगराई सटरमा ताला लगाएर सिलिन्डर भण्डारण गरिएको अवस्थालाई कालोबजारीको आशंकाका रूपमा लिइएको बताए ।

उनका अनुसार घटनाबारे जिल्ला प्रशासन कार्यालय धनुषाको समन्वयमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइनेछ ।

यता, सागर ट्रेडर्सका सञ्चालकसमेत रहेका ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष पण्डितले भने आफूले कालोबजारी नगरेको दाबी गरेका छन् ।

उपभोक्तालाई वितरण गर्नकै लागि ग्यास राखिएको र ग्राहकको नामावली संकलन गरेर बिक्री वितरण गर्दै आएको उनको भनाइ छ ।

पण्डितले वितरणका लागि राखिएको ग्यासमा अनुगमन टोलीले छापा मारेको भन्दै आफूले ग्यास लुकाएर राखेको आरोप अस्वीकार गरेका छन् ।

# मधेश सरकारबाट योजना दिलाइदिने भन्दै ठगी गर्ने प्रहरी हिरासतमा



**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, बर्दिवास**

मधेश प्रदेश सरकारका विभिन्न मन्त्रालयबाट योजना दिलाइदिने तथा योजना पारिदिने भन्दै ठगी गर्दै आएका पोखराका रामेश्वर पराजुली पक्राउ परेका छन् । कास्कीको पोखरा उपमहानगर पालिका-५ का ३८ वर्षीय पराजुलीलाई गगते नै प्रहरीले सिरहाबाट पक्राउ गरेको हो ।

सिरहाका योगेन्द्रकुमार यादवले उनीविरुद्ध ७ लाख रुपैयाँको चेक बाउन्स भएको बैंकिङ कसुर सम्बन्धी मुद्दा दर्ता गराएका थिए । तर, पक्राउ परेपछि पराजुलीले २९ गते पीडितसँग लेनदेन गरी मिलापत्र गरेका छन् ।

पीडित यादवका अनुसार मधेश प्रदेश सरकारबाट विकास योजना दिलाइदिने तथा योजना पारिदिने भन्दै पराजुलीले ७ लाख रुपैयाँ लिएका थिए । तर, योजना नपरेपछि यादवले पैसा फिर्ता माग्दा आलटाल गर्दै आएका पराजुलीले चेक दिएका थिए । चेक पनि नसाटिएपछि उनले मुद्दा दर्ता गर एका हुन् ।

सिरहाबाट मुद्दा टुंगिए पनि पराजुलीलाई रिहा नगरी प्रहरीकै गाडीमा शनिबार जिल्ला प्रहरी कार्यालय, महोत्तरी पुऱ्याएको सिरहाका प्रहरी प्रवक्ता डीएसपी र मेशबहादुर पालले बताए । उनीविरुद्ध महोत्तरीमा ठगी तथा आपराधिक विश्वासघात र बैंकिङ कसुर गरी दुईवटा मुद्दा छन् ।

महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी पञ्चलाल गोलेका अनुसार एकडारा गाउँपालिका-४ दरवेश राय यादवले उनीविरुद्ध ३-३ लाख गरी ६ लाख रुपैयाँ बिगो दाबी गरेर जाहेरी दर्ता गराएका हुन् । मधेशका मन्त्रालयहरूबाट योजना दिलाइदिने भनेर पराजुलीले पैसा लिएको दरवेशको आरोप छ ।

# जसपा नेपालले बनाए २७९ सदस्यीय केन्द्रीय समिति

**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, बर्दिवास**

जनता समाजवादी पार्टी नेपालले २७९ सदस्यीय केन्द्रीय समिति बनाएको छ । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालसँग एकतापछि जसपा नेपालले एकीकृत पार्टीको केन्द्रीय समिति निर्माण गरेको हो ।

त्यसमा संरक्षक महन्थ ठाकुर र हेका छन् भने अध्यक्षमा उपेन्द्र यादव रहेका छन् । ३३ जनाको पदाधिकारीमा सहअध्यक्ष शरत्सिंह भण्डारी रहेका छन् भने वरिष्ठ नेतामा रकम चेम्जोङ वरिष्ठ नेता रहेका छन् । सात जना उपाध्यक्षमा उमाकान्त चौधरी, जितेन्द्रप्रसाद सोनार, निलम वर्मा, परमेश्वर साह, राजकिशोर यादव, रेणुकुमारी यादव रहेका छन् ।

तीन जना महासचिवमा प्रकाश अधिकारी, लालबाबु राउत र डा.सुरेन्द्र झा रहेका छन् । उपमहासचिवहरूमा जयनुल राइन, दीपक कार्की, रामप्रकाश चौधरी, रानीकुमारी तिवारी, राजकुमार र ाई, रेखा यादव र लीलादेवी सिटौला रहेका छन् । ११ जना सचिव र हेका छन् । कोषाध्यक्षमा सुरि ताकुमारी साहलाई राखिएको छ । नयाँ कार्यकारिणी समिति २९ सदस्यीय रहेको छ । २७९ सदस्यीय केन्द्रीय समितिमा लोसपाबाट ११० जना रहेका छन् ।

# बलवामा दुई कोठे विद्यालय र सामुदायिक भवन उद्घाटन



**खबर दर्पण समाचारदाता**

**साउन ३१ गते, बर्दिवास**

महोत्तरीको बलवा नगर पालिकामा विद्यालयको भौतिक पूर्वाधार विस्तारसँगै नवनिर्मित दुई कोठे विद्यालय भवन र तीन कोठे सामुदायिक भवन उद्घाटन गरिएको छ ।

बलवा नगरपालिका-२ बदियास्थित श्री माध्यमिक विद्यालयको नवनिर्मित दुई कोठे भवन नगरप्रमुख रामविजय महतोले उद्घाटन गरेका हुन् । विद्यालयमा कक्षाकोठाको अभावका कारण पठनपाठनमा समस्या हुँदै आएपछि नगर पालिकाको बहुवर्षीय बजेटबाट भवन निर्माण गरिएको नगर प्रमुख महतोले बताए ।

उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख महतोले नगर क्षेत्रका विद्यालयमा अझै पनि शिक्षक, कक्षाकोठा तथा भौतिक पूर्वाधार को अभाव रहेको बताउँदै शिक्षा क्षेत्रको सुधारलाई प्राथमिकताका साथ अघि बढाइने जानकारी दिए ।

उनका अनुसार शिक्षक अभाव पूर्ति गर्न नगरपालिकाले विज्ञापन आह्वान गर्दा ३६ जनाले आवेदन दिएका थिए । तीमध्ये १६ जना मात्रै छनोट भएका छन् ।

'शिक्षकको अभाव छ । तर, विद्यालयको पठनपाठन प्रभावित हुन नदिन नगरपालिकाले आफ्नो तर्फबाट सक्दो प्रयास गरिरहेको छ,' उनले भने ।

विद्यालयका प्रधानाध्यापक मणिराम ठाकुरले विद्यालयमा १२ वटा कक्षाकोठा रहे पनि एल्बेस्टर र टिनको छाना भएका कोठामा गर्मी मौसममा विद्यार्थीलाई पठनपाठन गर्न कठिन हुने गरेको बताए । नयाँ भवन निर्माणपछि विद्यार्थी तथा शिक्षकलाई सहज हुने उनको भनाइ छ ।

प्रधानाध्यापक ठाकुरका अनुसार विद्यालयमा हाल ४५० भन्दा बढी विद्यार्थी अध्ययनरत छन् । विद्यार्थीको सङ्ख्याको तुलनामा शिक्षक पर्याप्त नभएकाले विषयगत शिक्षकको व्यवस्था गर्न उहाँले नगरप्रमुखसँग आग्रह गरे ।

कार्यक्रममा बलवा नगर पालिका-२ का वडाध्यक्ष शशीभूषण साह, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेश महतो, शिक्षा शाखा संयोजक राजकिशोर झा तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतको उपस्थिति थियो ।

यसैबीच, नगरप्रमुख महतोले सोही वडामा निर्माण गरिएको तीन कोठे सामुदायिक भवनको समेत उद्घाटन गरेका छन् । नगरपालिकाको बजेटबाट निर्माण भएका दुवै भवनले स्थानीयस्तरमा शैक्षिक तथा सामुदायिक गतिविधि सञ्चालनमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# टुटेश्वरनाथको संरक्षण र ...........

थियो। समितिका अध्यक्ष राजाराम यादवले मन्दिरलाई राष्ट्रिय सम्पदाका रूपमा स्थापित गर्न पहल गर्न माग गर्दै मन्त्री पौडेललाई ध्यानाकर्षणपत्र बुझाउनुभयो।

अध्यक्ष यादवले टुटेश्वर क्षेत्रलाई धार्मिक आस्थाको केन्द्रका रूपमा मात्र नभई प्रागैतिहासिक तथा पुरातात्त्विक अध्ययन-अनुसन्धानको महत्वपूर्ण क्षेत्रका रूपमा विकास गर्नुपर्ने बताउनुभयो। उहाँले क्षेत्रको संरक्षण र योजनाबद्ध विकासका लागि संघीय सरकारको विशेष ध्यान आवश्यक रहेको उल्लेख गर्नुभयो।

साउन महिनामा टुटेश्वरनाथमा ठूलो सङ्ख्यामा श्रद्धालु आउने गरेको समितिले जनाएको छ। नेपालका विभिन्न जिल्लाबाट आउने भक्तजनसँगै भारतको बिहारलगायत स्थानबाट समेत तीर्थयात्री आउने भएकाले मन्दिर क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न समितिले सरकारसँग आग्रह गरेको छ।

समितिले विशेषगरी जङ्गलको बाटोमा व्यवस्थित प्रतीक्षालय, शौचालय, खानेपानी, विश्रामस्थल, सरसफाइ, प्रकाश तथा सूचना केन्द्रको व्यवस्था गर्न माग गरेको छ। ठूलो सङ्ख्यामा श्रद्धालु आउने समयमा सम्भावित स्वास्थ्य समस्या तथा दुर्घटनालाई ध्यानमा राख्दै आकस्मिक स्वास्थ्य सेवाको व्यवस्था गर्नसमेत समितिले आग्रह गरेको छ।

टुटेश्वर क्षेत्रको दीर्घकालीन र योजनाबद्ध विकासका लागि गुरुयोजना (मास्टर प्लान) तथा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरी पूर्वाधार निर्माण तथा संरक्षणका काम अघि बढाउनुपर्ने मागसमेत समितिले अघि सारेको छ।

स्थानीयवासीले टुटेश्वर क्षेत्रको धार्मिक तथा पर्यटकीय सम्भावनालाई राष्ट्रियस्तरमा प्रवर्द्धन गर्न सके यसलाई महत्वपूर्ण धार्मिक पर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिने बताएका छन्। भारतसँगको भौगोलिक निकटता र साउन महिनामा हुने ठूलो धार्मिक आवागमनलाई समेत व्यवस्थित गर्न सके स्थानीय अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्न सक्ने उनीहरूको भनाइ छ।

मन्त्री पौडेलले टुटेश्वरनाथको धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्वलाई राष्ट्रियस्तरमा प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो। धार्मिक पर्यटनको विकासका लागि आवश्यक पूर्वाधार निर्माण, प्रचारप्रसार तथा मन्दिरको ऐतिहासिक र पुरातात्त्विक महत्वको अध्ययन, अनुसन्धान र संरक्षणका लागि सम्बन्धित निकायसँग समन्वय गरी काम अघि बढाउने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

# सीमापार पर्यटन .........

सीमा नाकामा आवश्यक सहजीकरण र क्रस-बोर्डर टुरिजम प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो। निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पर्यटन महोत्सव आयोजना गर्ने वातावरण निर्माण गर्नसमेत सरकारसँग आग्रह गरिएको उहाँले जानकारी दिनुभयो।



महासंघले मधेसका प्रमुख पर्यटकीय गन्तव्यका रूपमा रहेका जनकपुरधामको जानकी मन्दिर, बाराको गढीमाई मन्दिर, सप्तरीको छिन्नमस्ता भगवती, महोत्तरीको जलेश्वरनाथ, धनुषाधाम, बारा-पर्साको सिम्रौनगढ, सिरहाको सलहेस फूलबारी, पर्सा राष्ट्रिय निकुञ्ज, ठोरी, भरत ताल तथा महोत्तरीको टुटेश्वरनाथ महादेव मन्दिरलगायत स्थलको योजनाबद्ध विकास र प्रवर्द्धन गर्नुपर्ने जनाएको छ।

पर्यटकीय गन्तव्यसम्म सहज पहुँचका लागि सडक तथा अन्य पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्थापन र पर्यटन क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिलाई पनि महासंघले प्राथमिकतामा राखेको छ।

अध्यक्ष गौतमले होटल तथा पर्यटन व्यवसायी सरकारसँग माग राख्ने मात्र नभई प्रदेशको पर्यटन विकासका लागि आवश्यक सहयोग र सहकार्य गर्न तयार रहेको बताउनुभयो।

मधेसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न सरकार, निजी क्षेत्र र अन्य सरोकारवालाबीच सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो।

महासंघले 'घुमौँ मधेस, बुझौँ मधेस' अभियानलाई थप प्रभावकारी बनाउँदै मधेसका पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्ने प्रतिबद्धतासमेत जनाएको छ।

कार्यक्रममा मन्त्री पौडेलले मधेसको पर्यटन विकासका लागि महासंघले अघि सारेका प्रस्तावप्रति सकारात्मक धारणा व्यक्त गर्दै पर्यटन प्रवर्द्धनका लागि सरकार र निजी क्षेत्रबीच आवश्यक सहकार्य तथा समन्वयमा जोड दिनुभयो।

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- ❖ सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- ❖ विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- ❖ आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- ❖ सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- ❖ चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- ❖ अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- ❖ संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- ❖ समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**गणेशमान चारनाथ नगरपालिका, धनुषा**

**सर्पको टोकाइबाट बचौं र बचाऔं**

- ❖ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- ❖ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- ❖ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- ❖ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- ❖ घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- ❖ रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- ❖ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- ❖ झुल लगाएर खाटमा सुत्ने गरौं।

**लक्ष्मीनियाँ गाउँपालिका, धनुषा**



# मधेस प्रदेशमा 'शिक्षा संवाद'



**खबर दर्पण समाचारदाता**
**साउन ३१ गते, जनकपुरधाम**

शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा ऐन निर्माणअघि सातै प्रदेशमा सञ्चालन गरिरहेको 'शिक्षा संवाद' अभियानअन्तर्गत मधेस प्रदेशमा दोस्रो दिनको कार्यक्रम सम्पन्न भएको छ।

धनुषास्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुण्डमा प्रधानाध्यापक एसोसिएसन नेपालको सहजीकरणमा आयोजित कार्यक्रममा मधेस प्रदेशमा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा शिक्षाविद् डा. विद्यानाथ कोइराला, शिक्षा तथा खेलकुदमन्त्रीका सल्लाहकार शैलेन्द्र झा, विद्यालय शिक्षा महाशाखा प्रमुख शिव सापकोटा, प्रधानाध्यापक एसोसिएसन नेपालका अध्यक्ष सुदाम गौतम, शिक्षा अभियन्ता अभिषेक घिमिरेलगायत सहभागी थिए।

कार्यक्रममा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न अगुवाहरूले आगामी शिक्षा ऐनमा समेटिनुपर्ने विषय, विद्यालय शिक्षालाई बलियो र गुणस्तरीय बनाउने उपाय तथा विद्यालय शिक्षाको विकासमा समुदायको अपनत्व र सहभागिता बढाउने विषयमा सुझाव दिएका थिए। सरोकारवालाहरूले शिक्षा ऐन निर्माण गर्दा विद्यालय तहमा देखिएका व्यावहारिक समस्या, शिक्षक तथा विद्यालयका आवश्यकता र स्थानीय समुदायको भूमिकालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए।

मधेस प्रदेशका ८ वटै जिल्लाबाट २११ जना शिक्षा क्षेत्रका सरोकारवालाको सहभागिता रहेको कार्यक्रममा शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा शिक्षा क्षेत्रका अन्य अगुवाहरूले शिक्षा सुधारका विभिन्न विषयमा धारणा तथा सुझाव राखेका थिए।

सातै प्रदेशमा पुगेर शिक्षा क्षेत्रका सरोकारवालासँग प्रत्यक्ष संवाद गरी प्राप्त सुझावलाई आगामी शिक्षा ऐन तथा शिक्षा सुधारका नीतिमा समेट्ने उद्देश्यले मन्त्रालयले 'शिक्षा संवाद' अभियान सञ्चालन गरिरहेको छ।

# धनुषामा करेन्ट लागेर एक युवतीको मृत्यु

**खबर दर्पण समाचारदाता**
**साउन ३१ गते, जनकपुरधाम**



धनुषामा करेन्ट लागेर एक २३ वर्षीया युवतीको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालयका अनुसार महोत्तरीको एकडारा गाउँपालिका-१ बस्ने २३ वर्षीया पुनिताकुमारी महतोको करेन्ट लागेर मृत्यु भएको हो।

भिनाजु सन्देश महतोको घर जनकपुर उपमहानगरपालिका-१८ तेतरिया आएका बेला आइतबार बिहान ११ बजेतिर पानीको मोटरको स्विच थिच्ने क्रममा उनलाई करेन्ट लागेको थियो।

करेन्ट लागेर गम्भीर घाइते भएकी उनलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुर पुऱ्याइएको थियो। चिकित्सकहरूले जाँचका क्रममा मध्यान्ह १२ बजे उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

## भू-संरक्षणमा ध्यान दिऔं

❖ भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
❖ भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
❖ भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
❖ बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
❖ भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
❖ वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
❖ भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

**मिथिला नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

❖ उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
❖ वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
❖ आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
❖ वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
❖ वस्तुको अधिकतम् बिक्री मूल्य,
❖ गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
❖ वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

❖ धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
❖ सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
❖ तोकिएको स्थानमा मात्र फोहोर फालौं,
❖ नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
❖ सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
❖ ध्वनि र वायु प्रदुषण कम गरौं,
❖ सडकको समय-समयमा मर्मतसम्भार गरौं,
❖ सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

❖ कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
❖ अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
❖ पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
❖ कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
❖ पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
❖ शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
❖ पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
❖ स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

❖ आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
❖ कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
❖ स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
❖ कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
❖ जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
❖ कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
❖ नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,